# मानेभन्ज्याङ गाउँपालिका

## कोशी प्रदेश, ओखलढुंगा

# स्थानीय राजपत्र

**खण्डः ५** **भागः २** **संख्याः५**

**प्रमाणीकरण मितिः२०८२/१२/२६**

## पर्यटकीय स्थल, पार्क तथा सार्वजनिक शौचालय व्यवस्थापन कार्यविधि, २०८२

**प्रस्तावना**

मानेभन्ज्याङ गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक वनमा पर्यापर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्न, विभिन्न पर्यटकीय स्थल, पार्क तथा सार्वजनिक शौचालयको उचित र प्रभावकारी व्यवस्थापन गरी संरक्षण, संवर्द्धन तथा दिगो रूपमा स्वच्छ र स्वस्थ वातावरण कायम गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२(१) बमोजिम गाउँ कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

### परिच्छेद १ : प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यस कार्यविधिको नाम **"पर्यटकीय स्थल, पार्क तथा सार्वजनिक शौचालय व्यवस्थापन कार्यविधि, २०८२"** रहनेछ।

ख) यो कार्यविधि गाउँ कार्यपालिकाबाट पारित भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषा**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) **गाउँपालिका** भन्नाले मानेभञ्ज्याङ गाउँपालिका सम्झनु पर्दछ।

ख) **कार्यपालिका** भन्नाले गाउँ कार्यपालिका सम्झनु पर्दछ।

ग) **अध्यक्ष** भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ।

घ) **प्रमुख प्रशासकीय अधिकृत** भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

ङ) **समिति** भन्नाले यस कार्यविधि बमोजिम गठन भएको पर्यटकीय स्थल, पार्क तथा सार्वजनिक शौचालय संरक्षण तथा व्यवस्थापन समिति सम्झनु पर्दछ।

च) **सामुदायिक संस्था** भन्नाले समुदायको हितका लागि स्थापना भएको उपभोक्ता समूह, आमा समूह, महिला समूह, क्लब, सहकारी, टोल विकास संस्था लगायतलाई जनाउँछ।

छ) **निजी क्षेत्र** भन्नाले निजी लगानी गर्न इच्छुक व्यक्ति, कम्पनी वा संघसंस्थालाई सम्झनु पर्दछ।

ज) **पर्यापर्यटन** भन्नाले सामुदायिक वन संरक्षण र स्थानीय समुदायको समृद्धिमा टेवा पुग्ने गरी शैक्षिक, मनोरञ्जनात्मक, भूदृष्य अवलोकन तथा जानकारीमूलक उद्देश्यको लागि प्रकृतिप्रतिको जिम्मेवारीबोधका साथ सामुदायिक वन विहार गर्ने कार्यलाई जनाउँछ।

## परिच्छेद २ : पर्यटकीय स्थल, पार्क तथा सार्वजनिक शौचालय सम्बन्धी व्यवस्थापन

**३. निर्माण तथा व्यवस्थापनमा गाउँपालिकाको जिम्मेवारी**

क) पर्यटकीय स्थल, पार्क तथा सार्वजनिक शौचालय व्यवस्थापनका लागि आवश्यक पूर्वाधार निर्माण गर्ने मुख्य जिम्मेवारी गाउँपालिकाको हुनेछ। यसका लागि निजी क्षेत्रसँग सहकार्य गर्न सकिनेछ ।

ख) यस्ता स्थलहरूको संरक्षण, प्रवर्द्धन तथा दिगो रूपमा स्वच्छ वातावरण कायम राख्न गाउँपालिकाले सम्बन्धित वडालाई जिम्मेवारी दिन सक्नेछ।

ग) पर्यटकीय स्थल, पार्क तथा सार्वजनिक शौचालय संरक्षण, संवर्द्धन तथा व्यवस्थापनका लागि गाउँपालिकास्तरमा अध्यक्षको संयोजकत्वमा निजले मनोनित गरेका सदस्यसहितको समिति रहनेछ।

**४. गाउँपालिकास्तरीय समितिको गठन**

संयोजक-गाउँपालिका अध्यक्ष

सदस्य-वन, वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक

सदस्य - स्थानीय उद्योग वाणिज्य संघ वा निजी क्षेत्रको प्रतिनिधि २ जना

सदस्य-वातावरण संरक्षणको क्षेत्रमा काम गर्ने व्यक्ति वा संघ/संस्थाको कम्तीमा १ महिलासहित प्रतिनिधि २ जना

सदस्य सचिव- राजश्व शाखा हेर्ने कर्मचारी

**५. वडास्तरीय समितिको गठन**

संयोजक-वडा अध्यक्ष

सदस्य- स्थानीय उद्योग वाणिज्य संघ वा निजी क्षेत्रको प्रतिनिधि १ जना

सदस्य- वातावरण संरक्षणको क्षेत्रमा काम गर्ने व्यक्ति वा संघ/संस्थाको कम्तीमा १महिलासहित प्रतिनिधि २ जना

सदस्य सचिव- वडा सचिव

## परिच्छेद ३ : समितिको काम, कर्तव्य र अधिकार

**६. गाउँपालिका स्तरीय समितिको काम कर्तव्य**

१. गाउँभित्रका पर्यटकीय स्थलको पहिचान गर्ने।

२. पार्क निर्माणका लागि स्थान पहिचान गर्ने।

३. सार्वजनिक शौचालय आवश्यक पर्ने स्थान पहिचान गर्ने।

४. वडास्तरीय समितिको सिफारिससमेतका आधारमा पहिचान भएका स्थानमा कार्ययोजना तयार गरी कार्यपालिकामा पेश गर्ने।

५. निर्माण भएका स्थलहरूको संरक्षण तथा व्यवस्थापनका लागि वडालाई निर्देशन दिने।

६. सरसफाइ तथा व्यवस्थापनका लागि आवश्यक बजेटको सिफारिस गर्ने।

७. पर्यटकीय स्थल, पार्क निर्माण वा सार्वजनिक शौचालय निर्माणमा निजी क्षेत्रसँग सहकार्य गर्ने ।

८. सामुदायिक वनमा पर्यापर्यटन प्रवर्द्धनका लागि वन कार्यालयसँग समन्वय गर्ने ।

९. गाउँपालिका स्तरीय समितिको बैठक कम्तीमा द्वैमासिक रूपमा बस्नुपर्नेछ। बैठक सञ्चालन सम्बन्धी मार्गदर्शन समिति आफैंले निर्धारण गर्नसक्नेछ।

१०. समितिको बैठकमा संयोजकले कुनै विज्ञ सदस्यलाई आमन्त्रित गर्नसक्नेछ।

**७. वडास्तरीय समितिको काम कर्तव्य**

१. वडाभित्र रहेका पर्यटकीय स्थल, पार्क निर्माणका लागि स्थान पहिचान तथा सार्वजनिक शौचालय आवश्यक पर्ने स्थान पहिचान गरी गाउँपालिका स्तरीय समितिसमक्ष प्रस्ताव पेश गर्ने।

२. वडाभित्र रहेका पर्यटकीय स्थल, पार्क तथा सार्वजनिक शौचालयको संरक्षण, सरसफाइ तथा नियमित व्यवस्थापन गर्ने।

३. स्थानीय सामुदायिक संस्थालाई व्यवस्थापनमा सहभागी गराउने।

४. प्रवेश शुल्क तथा सेवा शुल्क सम्बन्धी प्रस्ताव तयार गर्ने।

५. व्यवस्थापनको जिम्मेवारी दिने।

६. उठेको राजस्वको २५ प्रतिशत गाउँपालिकाको खातामा जम्मा गर्ने।

७. वडास्तरीय समितिको बैठक कम्तीमा त्रैमासिक रूपमा बस्नुपर्नेछ । बैठक सञ्चालन सम्बन्धी मार्गदर्शन समिति आफैंले निर्धारण गर्नसक्नेछ ।

## परिच्छेद ४ : स्थल तोक्ने सम्बन्धमा

### ८. स्थल तोक्ने

१. गाउँपालिका स्तरीय समितिको प्रतिवेदनका आधारमा गाउँ कार्यपालिकाले निर्माण स्थल तोक्न सक्नेछ।

२. निर्माणका लागि गाउँ सभाबाट बजेट विनियोजन गर्नुपर्नेछ।

३. निर्माण सम्पन्न भएपछि वडा समितिलाई हस्तान्तरण गर्न सकिनेछ।

## परिच्छेद ५ : अनुमति सम्बन्धमा

### ९. अनुमति बिना प्रवेश निषेध

१. पर्यटकीय स्थल, पार्क तथा सार्वजनिक शौचालयको संरक्षणका लागि तोकिएको व्यवस्थापन समितिको अनुमति बिना प्रवेश गर्न पाइने छैन।

२. आर्थिक ऐनले तोकेको बाहेक अन्य शुल्क लिन पाइने छैन।

### १०. प्रतिबन्धित कार्य

१. अनावश्यक होहल्ला गर्ने

२. सार्वजनिक सम्पत्ति नोक्सान गर्ने

३. मादक पदार्थ सेवन गर्ने

४. फोहोर फाल्ने

यस्तो कार्य गर्ने व्यक्तिलाई कानुन बमोजिम कारबाही हुनेछ।

## परिच्छेद ६ : स्थानीय व्यक्ति वा संस्थालाई जिम्मा दिने

### ११. व्यवस्थापन जिम्मा दिने

१. गाउँपालिकाले निर्माण गरेका पर्यटकीय स्थल, पार्क तथा सार्वजनिक शौचालयको व्यवस्थापन प्रतिस्पर्धाको आधारमा स्थानीय संस्था वा व्यक्तिलाई दिन सक्नेछ।

२. प्रस्ताव नआएमा वडा समितिले निश्चित समयका लागि स्थानीय व्यक्तिलाई जिम्मेवारी दिन सक्नेछ।

### १२. राजस्व व्यवस्थापन

१. प्रवेश शुल्क तथा सेवा शुल्क वडास्तरीय समितिको सिफारिसको आधारमा सभाबाट पारित आर्थिक ऐन बमोजिम हुनेछ ।

२. उठेको रकमको २५ प्रतिशत गाउँपालिकाको राजस्व खातामा जम्मा गर्नुपर्नेछ।

## परिच्छेद ७ : विविध

### १३. सम्झौता रद्द

व्यवस्थापनको जिम्मा लिएको संस्था वा व्यक्तिले सम्झौता अनुसार काम नगरेमा वडा समितिको सिफारिसको आधारमा गाउँ कार्यपालिकाले सम्झौता रद्द गर्न सक्नेछ।

### १४. संशोधन/बाधा अड्काउ फुकाउ

यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा गाउँ कार्यपालिकाले आवश्यक संशोधन वा हेरफेर गर्न वा बाधा अड्काउ फुकाउन सक्नेछ।

आज्ञाले प्रमाणीकरण गर्ने

प्रमुख प्रशासकीय आधिकृत